पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०७९।१२।१४ गते　　　　आ.ब. २०७९/८०　　　　बैठक क्र.सं.१४

## निर्णयहरु:

१. अघिल्लो गाउँकार्यपालिकाको बैठकका निर्णयहरुको सम्वन्धमा छलफल भयो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. गण्डकी प्रदेश अर्थमन्त्रालयको पत्रानुसार आर्थिक वर्ष २०८०।८१ को लागि निम्नानुसार बमोजिमका योजना प्रस्ताव पेश गर्ने ।

<u>समपुरक अनुदान तर्फः</u>

क. हातेमालो चोक- गल्छिना पुल - प्रशासकीय भवन जाने सडक

ख. मर्दीखोला फिल्थुङ्ग ल्याण्डफिल साइट सडक

ग. बयरघारी ठुली भञ्ज्याँङ्ग चौपारी डाँडा भोर्ले हिले ३ हुवास हातेमालोचोक सडक

<u>बिशेष अनुदान तर्फः</u>

क. पालुस्थान पर्यटकीय क्षेत्र विकास योजना

ख. गल्छिना ठुल्डाँडा धरमपानी पैंयूकोट पदमार्ग

ग. छिच्याउँदी झरना चालालुङ् गुफा मुसुरबारी कालिका देखि पर्यटकीय क्षेत्र विकास योजना

३. दुर्घटनामापरि औषधी उपचार गराइराखु भएका ५ नं. वडा निवासी श्री सरोज भुर्तेललाई उपचार खर्च सहायता स्वरुप रु. ४० हजार मागमा आधारित खर्च शीषर्क बाट भुक्तानी हुने गरि उपलब्ध गराउने ।

४. यस आर्थिकवर्षको संघीय राजश्वबाँडफाँटको लागि प्राप्तहुने सिलिङ्ग अनुसारको रकम प्राप्त भई नआइसकेकोले राजश्व बाँडफाँटबाट श्रोत विनियोजिन भएका योजनाहरुको भुक्तानीमा कठिनाई भइ आएकोले आन्तरिक आय तर्फबाट रु. ४० लाख श्रोतान्तर गर्ने ।

५. यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका माध्यमिक विद्यालय (सामुदायिक) मध्ये कुनै १ (एक) विद्यालयबाट नमुनाका रुपमा आगामी शैक्षिक वर्षदेखि कक्षा १ देखि ९ सम्म अग्रेजी माध्यमबाट समेत दैनिक पठनपाठन सञ्चालन गर्ने साथै सो को लागि इच्छुक सामुदायिक विद्यालयहरुले ७ दिन भित्र प्रस्ताव पेश अनुरोध गर्ने ।

६. जनप्रतिनिधिहरुको पोषाकमा एकरुपता ल्याउनका लागि ड्रेसकोड निर्माणमा लागेको संलग्न विलभरपाई अनुसारको रु. ३,८१,३००।- रकम बिविध खर्चशीर्षकबाट ब्यहोर्ने ।

७. मृगौला प्रत्यारोपण गरेका डायलसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ को दफा

सम्वत् २०७९।१२।१४ गते आ.ब. २०७९/८० बैठक क्र.सं.१४

(३) बमोजिम ७ नं. निवासी जित हर्क बहादुर गुरुङ्ग र नं. ४ वडा निवासी श्री निवासी श्री प्रेम बहादुर सार्कीलाई लाभ ग्राही कायम गरियो ।

८. हाल ग्रामिण सामुदायिक विद्युतीकरण पैंयूद्वार सञ्चालन तथा ब्यवस्थापन भएको पैंयूँ क्षेत्रको बिद्युत ब्यवस्थापन तथा सञ्चालन नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तर्ण गर्ने प्रक्रियालाई सम्पन्न गर्न आवश्यक कामकारवाही अघि बढाउन १,५,६ र ७ नं. वडा अध्यक्षज्यूहरुलाई कार्यदेश दिने ।

९. यस गाउँपालिका अन्तर्गत पर्ने ७ वटै वडामा विवाद समाधानको लागि स्थानीय न्यायिक समिति अन्तर्गत मेलमिलाप कर्ता नियुक्ति भई सकेकोले उनीहरुको क्षमता विकासको लागि ८ दिने /४८ घण्टे मेलमिलाप सम्वन्धी आधारभुत तालिम सञ्चालन गर्ने ।

१०. पैंयूँ गाउँपालिका र योजक निर्माण सेवा बानेश्वर १० काठमाण्डौंबीच २०७९।०३।१६ गते ठेक्का संझौता भई मिति २०७९।१२।१५ निर्माण सम्पन्न गरी निर्माणको क्रममा रहेको 'आधारभूत स्वास्थ्य ईकाइ"को निर्माण कार्य निर्धारित समयभित्र सम्पन्न गर्न नसकिने ब्यहोरा जनाई निर्माण ब्यवसायी बाट म्याद थप गरी पाउँ भनी २०७९।११।२४ गते निवेदन पेश भई आएकोले ४५ दिन म्याद थप गर्ने ।साथै पराक्रम कन्सस्ट्रकसन प्रा.लि. वालिङ्ग २ स्याङ्जासँग मिति २०७९।०२।०३ गते ठेक्का सम्झौता भई निर्माण सम्पन्न गर्नु पर्ने म्याद मिति २०७९।१२।१५ रहेकोमा निर्मण ब्यवसायीबाट निर्धारित समयभित्र निर्माण सम्पन्न गर्न नसकिने ब्यहोरा जनाई मिति २०७९।११।२१ गते म्याद थपको लागि निवेदन प्राप्त भई आएको ३ महिना म्याद थप गर्ने ।

११. पैंयूँ ७ इकाङ्गमा गैर सरकारी संस्थासंगको साझेदारीमा वर्थिङ्ग सेन्टर निर्माणको लागि निर्णय भई सूचना समेत प्रकाशित भई सकेकोमा साझेदारीमा कार्य गर्न गैह्रसरकारी संस्था ईच्छुक नदेखिएमा समेत बहुवर्षियरुपमा सम्पन्न गर्ने गरी चालु आर्थिक वर्ष २०७९।८० भित्र ठेक्का प्रक्रियामा गई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्न आगामी आर्थिक वर्ष २०८०।८१ को लागि समेत रु. १८ लाख श्रोत सुनिश्चित गर्ने ।

१२. पैंयूँ गाउँपालिका ४ नं. वडा स्थित साविक हुवास स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १० शैया अस्पताल निर्माणको लागि ठेक्का प्रक्रियामा अस्पताल निर्माणकाको काम शुरु भइ सकेकोले १० शैया अस्पताल सञ्चालनका लागि नेपाल सरकारले तोकेको दरवन्दी स्वीकृत गर्न लेखी पठाउने।

१३. यस गाउँपालिका क्षेत्र भित्रको भू-उपयोग वर्गिकरणको कार्य सेवा परामर्श सेवा थप अघि बढाउने ।

१४. **"डिपिआर निर्माण"** शीर्षक अन्तर्गत बिनियोजित रकमबाट ब्यहोर्ने गरि तपशिल बमोजिमका योजनाहरुको क्रमागतरुपमा डिपिआर गर्ने ।

क. शेरा कुलो भोर्ले वडा नं. ७

ख. सरौखोला सिरवानी मुसुरबारी हाडिखर्क सडक

# पैयूँ गाउँपालिका

## गाउँ कार्यपालिका वैठक

सम्वत् २०७९।१२।१४ गते आ.ब. २०७९/८० बैठक क्र.सं.१४

ग. डुडँ बेदुवाडाँडा पालुस्थान सडक बाटो

घ. भोटेगैरा हरिचण्डी पाखिम्वास क्यामुने ठाना सडक

ङ. गल्छिना धरमपानी कोखे पुर्णगाउँ पैंयूकोट सडक

च. ठुलीवेसी भर्मा कुभिण्डे न्यापानेगाउँ सडक

छ. अर्थुन टकलाक सिंगारकोष रातोपुल सडक

१५. कृषि शाखाको आर्थिक वर्ष २०७९।८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्नानुसार पकेट क्षेत्र निर्धारण गर्ने ।

**आ.व. २०७९/८० मा स्थापना भएको धानबालीको पकेट विकास कार्यक्रम निरन्तरता**

| क्र.सं. | वडा नं. | टोल/वस्ति/खेति हुने क्षेत्र | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १. | १ | वहावी, चौरक्षेत्र | २.२५ हे. | |
| २. | २ | अर्थुन, ठुलीवेशी माथिल्लो फाट, अर्नास, त्रिवेणी क्षेत्र | ३.५० हे. | |
| ३. | ३ | चिलुवा, सातविसे, दाङ्दाली, गोहपुक, डाडथोकक्षेत्र | ३.७५ हे. | |
| ४. | ४ | मर्दिखोला, सेतिखोला बगर, किक्रिक, हुवास क्षेत्र | ४.५० हे. | |
| ५. | ५ | पियाखेत, उपल्लाथोक क्षेत्र | १.२५ हे. | |
| ६. | ६ | क्वार्दी, बैथोक, छत्तिसे, मेदीखोला क्षेत्र | ३.५० हे. | |
| ७. | ७ | भोर्ले, रिसिलखोला, मसारे क्षेत्र | २.७५ हे. | |
| जम्मा क्षेत्रफल | | | २१.५० हे. | |

**आ.व. २०७९/८० मा नयाँ धानबाली (चैते धान)को पकेट विकास कार्यक्रम संचालन**

| क्र.सं. | वडा नं. | टोल/वस्ति/खेति हुने क्षेत्र | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १. | १ | सिंगारकोष क्षेत्र | १.२५ हे. | |
| २. | २ | भर्मा, ढाड, ठुलीवेशी तल्लो फाट क्षेत्र | २.५० हे. | |
| ३. | ३ | डुडु, सिब्दीखोला क्षेत्र | २.७५ हे. | |
| ४. | ४ | पिप्लेफाट, गेडीखोला क्षेत्र | ३.५० हे. | |
| ५. | ५ | चिसापानी क्षेत्र | ५.२५ हे. | |
| ६. | ६ | औवाखोला, क्वार्दी, मेदीखोला माथी वस्ति क्षेत्र | २.५० हे. | |
| ७. | ७ | डुडे, सेराखोला क्षेत्र | १.७५ हे. | |
| जम्मा क्षेत्रफल | | | १९.५ हे. | |

पैयूँ गाउँपालिका